प्रथम पटक प्रकाशित मिति : २०७९/०५/१९

## सामुदायिक कृषि तथा पशु प्राविधिक उद्यमी (CAVE) तालिम सञ्चालन सम्बन्धी सूचना

गुल्मीदरबार गाउँपालिकामा सञ्चालन भएको गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना कार्यक्रमको लागि प्रत्येक वडामा १/१ जनाका दरले ७ (सात) जना **सामुदायिक कृषि तथा पशु प्राविधिक उद्यमी (CAVE)** छनौट गर्नु पर्ने भएको हुँदा तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक गुल्मीदरबार गाउँपालिकाका स्थायी नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन (२०७९/०५/२५) भित्र कार्यालय समयमा गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालय गौंडाकोट, गुल्मीको कृषि शाखामा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

- कम्तिमा एस.एल.सी वा एस.ई.ई पास गरेको हुनुपर्ने छ,
- गुल्मीदरबार गाउँपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्नेछ,
- उमेर २१ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको,
- तालिम पश्चात कम्तिमा ३ वर्ष समुदायमा काम गर्नु पर्ने कबुलियत गर्नु पर्नेछ,
- ठुला तथा साना पशु उपचार गर्न र कृषि सम्बन्धी कार्य गर्न शारीरिक रुपले सक्षम भएको हुनुपर्नेछ,
- सामाजिक तथा नेतृत्वदायी छवी भएको र व्यवसाय बिस्तार गरि उद्यमी बन्न सक्ने हुनु पर्नेछ,
- नमुना उद्यमी (कृषि तथा पशु) को रुपमा स्थापित भई अन्य साना किसानहरुको लागि उदाहरणीय पात्र बन्नसक्ने हुनुपर्नेछ,
- सम्बन्धित वडाको व्यक्तिलाई प्राथमिकता दिइने छ ।

२०७९/०५/१९
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजात

१. निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि,
४. अनुभव तथा सम्बन्धित विषयको तालिमको प्रमाणपत्र भएमा सो को प्रतिलिपि,
५. बायोडाटा
६. २ प्रति पासपोट साइजको फोटा

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
गुल्मीदरबार गाउँपालिका , गौंडाकोट, गुल्मी

फोटो

विषयः- तालिममा सहभागी हुन पाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा गुल्मीदरबार गाउँपालिकाबाट मिति २०७९/०५/१९ गतेका दिन प्रकाशित सूचना बमोजिम गुल्मीदरबार गाउँपालिका वडा नं. ....मा स्थायी बसोबास गर्ने म..........................................ले **गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना**का लागि आवश्यक **सामुदायिक कृषि तथा पशु प्राविधिक उद्यमी (CAVE)** को तालिममा सहभागी भइ कम्तिमा ३ वर्ष सम्म समुदायमा नमूना उद्यमीको रुपमा काम तथा सेवा गर्ने प्रतिबद्धता सहित तालिममा छनौटका लागि आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

निवेदक
नामः
ठेगाना
सम्पर्क नं.